आ.व. ०७७।०७८

बैठक:- नगर कार्यपालिका बैठक

अध्यक्षता:- नगर प्रमुख अशोक कुमार शाही

बैठक नं. २०।०७७।०७८

मितिः-२०७८।१।२६ गते

स्थान:- ता.न.पा सभाहल

समयः- विहान ८.०० बजे

तानसेन नगर कार्यपालिकाको बैठक तानसेन नगरपालिकाका नगर प्रमुख **श्री अशोक कुमार शाही** ज्युको अध्यक्षतामा नगर कार्यपालिकाका देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

## उपस्थिति

| नाम थर | पद | ठेगाना | कार्यपालिका | उपस्थिति |
|---|---|---|---|---|
| श्री अशोक कुमार शाही | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष | (हस्ताक्षर) |
| श्री लक्ष्मीदेवी पाठक | नगर उपप्रमुख | ता.न.पा. ९ | सदस्य | (हस्ताक्षर) |
| श्री दामोदर प्रसाद घिमिरे(प्रवक्ता) | वडा अध्यक्ष | ता.न.पा. ११ | सदस्य | (हस्ताक्षर) |
| श्री रामप्रसाद वस्याल | वडा अध्यक्ष | ता.न.पा १ | सदस्य | |
| श्री वरुणप्रसाद रेग्मी | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य | (हस्ताक्षर) |
| श्री महेशलाल शाक्य | वडा अध्यक्ष | ता.न.पा. ३ | सदस्य | (हस्ताक्षर) |
| श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य | (हस्ताक्षर) |
| श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य | (हस्ताक्षर) |
| श्री मुक्तिराम जि.सी. | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य | (हस्ताक्षर) |
| श्री रामप्रसाद घिमिरे | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य | (हस्ताक्षर) |
| श्री हरिसुमर रेग्मी | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य | (हस्ताक्षर) |
| श्री लोचनप्रसाद तिमिल्सिना | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य | (हस्ताक्षर) |
| श्री देवेन्द्र बहादुर राना | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य | (हस्ताक्षर) |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य | (हस्ताक्षर) |
| श्री कमल राना | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य | |
| श्री शशी श्रेष्ठ | का.पा. सदस्य | ता.न.पा.१ | सदस्य | (हस्ताक्षर) |
| श्री सुनिता श्रेष्ठ वैजु | का.पा. सदस्य | ता.न.पा.३ | सदस्य | (हस्ताक्षर) |
| श्री मैयादेवी घिमिरे | का.पा. सदस्य | ता.न.पा.६ | सदस्य | (हस्ताक्षर) |
| श्री बुद्धिसरा वि.क. | का.पा. सदस्य | ता.न.पा.१० | सदस्य | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| श्री कमला भण्डारी | का.पा. सदस्य | ता.न.पा.१३ | सदस्य |
| श्री दिपक विश्वकर्मा | का.पा. सदस्य | ता.न.पा.५ | सदस्य |
| श्री विमला वौडेल | का.पा. सदस्य | ता.न.पा.८ | सदस्य |
| श्री भीम बहादुर कुमाल | का.पा. सदस्य | ता.न.पा.७ | सदस्य |
| श्री पिताम्बर पाण्डे | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा | सचिव |

आमन्त्रित

श्री गणेश बहादुर थापा का.वा. वडा अध्यक्ष ता.न.पा ४

श्री रमेश प्रसाद थापामगर ता.न.पा. १४ आमन्त्रित

**निर्णय नं. १**

नया भेरियन्ट सहितको कोभिड १९ को दोश्रो लहरवाट संक्रमित भई मृत्यु भएका शवहरुको व्यवस्थापन प्रकृया झन्झटिलो र लामो प्रकृयाका कारण परिवारलाई थप समस्या भएको गुनासो आएको हुँदा शव व्यवस्थापन प्रकृया छिटो र सरल बनाउन Dccmc/जिल्ला प्रशासन कार्यालय पाल्पालाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

दोश्रो कोभिड १९ को संक्रमण ता.न.पा. भित्रपनि व्यापक रुपमा फैलिरहेको अवस्थामा अक्सिजन सहितको बेड अस्पतालहरुमा नपाईरहेको सन्दर्भमा तत्कालै नगरपालिकाद्धारा प्रारम्भिक उपचारार्थ ता.न.पा. वडा नं. १ मा रहेको बृद्धाश्रममा अक्सिजन सहितको १२ वेड र त्रिभुवन बहुमुखी क्याम्पसको नयाँ भवनमा अक्सीजन सहितको २० बेड स्थापना गरी संचालनमा ल्याउने निर्णय गरियो ।

**निर्णय नं. ३**

पाल्पा अस्पताल र तानसेन नगरपालिकाको सहकार्यमा अक्सिजन सहितको पाल्पा अस्पतालद्धारा १८ वेड र ता.न.पा द्धारा १२ वेड स्थापना भै रहेकोमा सो कार्य तत्काल सम्पन्न गरी संक्रमितहरुलाई उपचार शुरुगर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

संक्रमित विरामीहरुलाई तत्काल उपचारार्थ होल्डिङ्ग सेन्टर र अस्पतालहरुमा पु-याउन थप सहजताको लागि तानसेन नगरपालिकाको बा.१ झ ४५०२ नं. को सवारी साधनलाइ मर्मत गराई एम्वुलेन्सको रुपमा प्रयोग गर्ने र मर्मतका लागि ईस्टिमेट तयार गर्न लगाई तुरुन्त मर्मत गर्ने साथै सो को लागि आवस्यक रकम पछि कार्यपालिका वैठकवाट अनुमोदन गर्नेगरी प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

**निर्णय नं. ५**

होल्डीङ सेन्टरको रुपमा अक्सिजन सहितको वेडहरु (पाल्पा अस्पतालमा १२, बृद्धाश्रममा १२, र क्याम्पसमा २०) का लागि हाललाई तत्काल अक्सिजन सहितका सिलिण्डर छोटो माध्यामद्धारा खरिद गर्ने, रिफिल गर्ने आवस्यकता अनुसार सिलिण्डरहरु थप गर्ने र सिलिण्डर जडान लगायतका आवस्यक पर्ने अन्य सामाग्रीहरु समेत खरिद गरी वेडहरुमा अक्सिजन जडानको व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ६**

कोभिड १९ को दोश्रो संक्रमणको अवस्थालाई मध्यनजर गरी ता.न.पा वडा नं. १४ मा होल्डिङ सेन्टर स्थापनाका लागि पुराना मौजुदा खाटहरु रङ्गरोगन गरी १० थान खाट पठाउने निर्णय गरियो ।

**निर्णय नं. ७**

ता.न.पा भित्रका सवै वडाहरुका संक्रमित विरामीहरुलाई हौसला प्रदान गर्न वडाका जनप्रतिनिधी र स्वास्थ्यकर्मीवाट स्वास्थ्य अवस्थाको विवरण लिई दैनिक रुपमा संक्रमतको विवरण नगरपालिकामा समेत रिपोर्टिङ्गको व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ८**

कोभिड १९ दोश्रो चरणको संक्रमणलाई रोकथाम नियन्त्रण तथा व्यवस्थापन गर्न देहाय बमोजिमको समिति गठन गर्ने र उक्त समितिवाट आवस्यक सम्पुर्ण कार्य गर्न जिम्मेवारी दिने निर्णय गरियो ।

पितातम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

नगर प्रमुख

| | | |
|---|---|---|
| श्री अशोक कुमार शाही नगर प्रमुख | संयोजक | |
| श्री लक्ष्मीदेवी पाठक नगर उपप्रमुख | सदस्य | |
| श्री पिताम्वर पाण्डे प्र.प्र.अ. | सदस्य | |
| श्री कोशलराज घिमिरे आ.प्र.अ. | सदस्य | |
| श्री फविन्द्र न्यौपाने जनस्वास्थ्य अधिकृत | सदस्य | |
| श्री रामजी बहादुर कार्की स्टोर प्रमुख | सदस्य | |
| श्री भरत प्रसाद आचार्य शाखा अधिकृत | सदस्य सचिव | |

**निर्णय नं. ९**

तानसेन नगरपालिकाको मिति २०७७।११।१७ गतको स्थानीय करुवा पत्रिकामा विज्ञापन नं. ०८।०७७।०७८ वाट खोप कार्यकर्ता संख्या १ (एक) करार सेवामा माग गरिएकोमा कोभिड १९ दोश्रो चरणको संक्रमणलाई रोकथाम नियन्त्रण गर्न थप जनशक्ति आवस्यक रहेकोले उक्त विज्ञापनमा संख्या १ (एक) थप गरी जम्मा संख्या २ (दुई) को प्राप्त दरखास्त भित्रवाट तुरुन्त परिक्षा लिई प्रकृया अगाडी वढाउन छनौट समितिलाई जिम्मा दिने निर्णय गरियो ।

पिताम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३